# गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम

# गुनासो सुनुवाइ मार्गदर्शन, २०७८

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालय

सिंहदरबार, काठमाण्डौ ।

गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा १३ बमोजिम जारी गरिएको

# गुनासो सुनुवाइ मार्गदर्शन, २०७८

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

## १. विषय प्रवेश :

नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा सञ्चालित गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत विभिन्न जिल्लाहरुमा गरिब परिवार पहिचान गर्ने सन्दर्भमा तथ्याङ्क संकलन तथा विश्लेषण गरी प्रारम्भिक रुपमा पहिचान भएका गरिब परिवारहरुको सूचि स्थानीय तहमा प्रकाशन गर्ने र उक्त सूचि उपर सम्बन्धित परिवार वा अन्य कसैको गुनासो भएमा सो गुनासोलाई समेत सम्बोधन गरी गरिब परिवारको सूचि स्वीकृत गर्ने तथा परिचयपत्र जारी गर्ने प्रयोजनका लागि गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा १३ कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय तहबाट गुनासो सुनुवाइ प्रक्रिया व्यवस्थित बनाउन र एकरुपता कायम गर्न आवश्यक देखिएकोले यो मार्गदर्शन तयार गरिएको छ ।

## २. प्रारम्भिक सूचि प्रकाशन गर्ने :

(क) मन्त्रालयबाट गरिब परिवारको प्रारम्भिक सूचि प्राप्त भएपछि स्थानीय तहले त्यसको अभिलेखीकरण गर्नेछ।

(ख) मन्त्रालयबाट प्राप्त गरिब परिवारको प्रारम्भिक सूचि कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा रहेका सूचना पाटीका साथै मुख्य मुख्य सार्वजनिक स्थानहरु (जस्तै विद्यालय, अस्पताल, स्थानीयवासी जमघट हुने चोक, पसल आदि) मा टाँस गरी सार्वजनिक गर्नु गराउनु पर्नेछ ।

(ग) मन्त्रालयबाट प्राप्त प्रारम्भिक सूचि स्थानीय तहको वेबसाइट र सूचना पाटीमा टास्नु पर्नेछ। साथै स्थानीय तहले गुनासो सुनुवाइ सम्बन्धी जानकारीमूलक सूचना स्थानीयस्तरबाट प्रकाशन हुने पत्र-पत्रिका वा रेडियोमा समेत प्रकाशन/प्रसारण गर्नु पर्नेछ।

## ३. गुनासो दर्ता गर्ने आधार :

(क) गरिब परिवारमा समावेश हुनुपर्नेमा प्रारम्भिक सूचिमा नपरेको भन्ने लागेमा सम्बन्धित परिवारको १८ वर्ष उमेर पूरा भएको सदस्यले अनुसूचि-१ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली गुनासो दर्ता गर्न सक्नेछ ।

(ख) गरिब परिवारमा समावेश नहुनु पर्नेमा सो सूचिमा प्रकाशन भएको देखिएमा सम्बन्धित स्थानीय तहमा बस्ने जोसुकै व्यक्तिले अनुसूचि-१ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली उजुरी दिन सक्नेछ ।

(ग) गरिब परिवारको वर्गीकरण गर्दा एक वर्गमा समावेश गर्नुपर्ने परिवारलाई अर्को वर्गमा वर्गीकरण गरेको भन्ने विषयमा उजुरी दिनु परेमा सम्बन्धित व्यक्तिले अनुसूचि-१ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली उजुरी दिन सक्नेछ ।

## ४. उजुरी गर्ने :

(क) कुनै व्यक्तिले उजुरी दिनु पर्दा सम्बन्धित स्थानीय तह वा वडा कार्यालय वा सार्वजनिक स्थानमा सूचना टाँस भएको मितिले १५ दिनभित्र सम्बन्धित स्थानीय तहमा गुनासो सुनुवाइ

अधिकारी समक्ष अनुसूचि-२ वा अनुसूचि-३ बमोजिमको ढाँचामा सम्पूर्ण विवरणहरू स्पष्टसँग भरी निबेदन दिनु पर्नेछ ।

(ख) गरिब परिवारको प्रारम्भिक सूचिमा समावेश भएको कुनै परिवारले अनुसूचि-४ बमोजिम गरिब परिवारको सूचिबाट हटाउन अनुरोध गरी स्वघोषणा गर्न सक्नेछ । यसरी स्वघोषणा गरेमा उक्त परिवारको विवरण अनुसूचि-५ बमोजिम दर्ता अभिलेखीकरण गर्नुपर्नेछ ।

(ग) तोकिएको म्याद भित्र प्राप्त भएका उजुरीहरू गुनासो सुनुवाइ अधिकारीले अनुसूचि-५ बमोजिमको ढाँचामा दर्ता अभिलेखीकरण गरी उजुरी निबेदन र सोसँग सम्बन्धित प्रमाणहरू संलग्न राखी सम्बन्धित स्थानीय तहको गुनासो सुनुवाइ समितिमा पेश गर्नुपर्नेछ ।

## ५. दर्ता भएका उजूरीमाथि प्रारम्भिक छानबिन :

(क) गुनासो सुनुवाइ अधिकारीले प्रारम्भिक सूचि टाँस भएको मितिले १५ दिनसम्म प्राप्त भएका उजुरीलाई दफा ८ बमोजिम गठित गुनासो सुनुवाइ समिति समक्ष पेश गर्नु पर्नेछ।यसरी पेश गर्दा गुनासोकर्ताको अनुसूचि-६ बमोजिमको प्रश्नावली समेत भरी संलग्न राख्नु पर्नेछ।

(ख) गुनासो सुनुवाइ अधिकारीले पेश गरेका परिवारको गुनासो सम्बन्धमा गुनासो सुनुवाइ समितिले आवश्यक छानविन गरी त्यस्ता परिवारलाई गरिब परिवारको सूचिमा समावेश गर्न आवश्यक देखिएमा अनुसूचि-६ बमोजिमको प्रश्नावली सहित प्रारम्भिक सूचि टाँस भएको मितिले ३० दिनसम्ममा कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(ग) गुनासो सुनुवाइ समितिलाई गुनासो छानबिनको क्रममा आबश्यक देखिएमा दफा ९ बमोजिमको वडास्तरीय गुनासो सुनुवाइ सहजीकरण समिति गठन गरी पेश भएका गुनासो उपर छानबिनका लागि सहयोग लिन सक्नेछ ।

(घ) वडास्तरीय गुनासो सुनुवाइ सहजीकरण समितिको समेत राय लिई गुनासो सुनुवाइ समितिले गुनासो उपर छानबिन गर्दा गरिब परिवारको रुपमा सूचिकरण भएको परिवारलाई सो सूचिबाट हटाउनु पर्ने देखिएमा आधार र कारण समेत खुलाई कार्यपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## ६. उजुरी उपर निर्णय :

(क) गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा १३ को उपदफा (५) बमोजिम प्राप्त उजुरी माथि कार्यपालिकाले गुनासो सुनुवाइ समितिबाट पेश भएको मितिले बढीमा १५ दिन भित्रमा छानबिन गरी आवश्यक निर्णय गर्नुपर्नेछ ।

(ख) प्राप्त उजुरी उपर सम्बन्धित स्थानीय तहले आवश्यक छानविन गरी निर्णय गरेको मितिले बढिमा १५ दिन भित्रमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा प्राप्त हुने गरी पठाउनु पर्नेछ ।

(ग) प्रारम्भिक सूचि टाँस भएको मितिबाट दुई महिनासम्ममा पनि स्थानीय तहबाट कुनै सिफारिस प्राप्त नभएमा प्रारम्भिक नतिजालाई नै अन्तिम नतिजा मानी मन्त्रालयले गरिब परिवारको अन्तिम नतिजा प्रकाशन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(घ) मन्त्रालयमा पठाउँदा प्रारम्भिक सूचिमा गरिबको बर्गीकरणमा परेको परिवारलाई गरिब परिवारको सूचिबाट हटाउनुपर्ने भएमा स्पष्ट आधार र कारण खुलाई पठाउनु पर्नेछ।

(ङ) कुनै परिवार गरिब परिवारको प्रारम्भिक सूचिमा नपरेको र सो परिवारलाई गरिब परिवारको सूचिमा समावेश गर्न आवश्यक छ भन्ने सम्बन्धमा गुनासो सुनुवाइ समितिको छानविन पश्चात् सिफारिस भएमा कार्यपालिकाबाट निर्णय गरी अनुसूचि-६ बमोजिमको प्रश्नावली सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।

**७. गुनासो सुनुवाइका लागि कर्मचारीको व्यवस्था :**

(क) उजुरी सुनुवाइको क्रममा सुनुवाइ समितिलाई सहयोग गर्न आवश्यक कर्मचारीको व्यवस्था गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा २२ को उपदफा (५) बमोजिम हुनेछ ।

(ख) उजुरी सुनुवाइको क्रममा सुनुवाइ समितिलाई सहयोग गर्न आवश्यक कर्मचारीको सुबिधा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा २३ को उपदफा (३) बमोजिम हुनेछ ।

(ग) गुनासो सुनुवाइमा सहयोग गर्न भर्ना गरिने कर्मचारीको योग्यता लोक सेवा आयोगले राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक तर्फ) को पदको लागि तोके बमोजिम हुनेछ ।

(घ) गुनासो सुनुवाइ अधिकारीको छनौट गर्दा यस अघि गरिब परिबार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत स्थलगत तथ्याङ्क संकलन कार्यका लागि नियुक्त भई कार्य अनुभब प्राप्त सुपरिबेक्षक तथा गणकलाई प्राथमिकता दिनु पर्नेछ।

(ङ) गुनासो सुनुवाइ अधिकारीको छनौट गर्दा अपनाइने कार्यबिधि स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. गुनासो सुनुवाइ समिति :** स्थानीय तहमा गुनासो सुनुवाइ कार्यलाई सहजीकरण गर्न तपसिल बमोजिमका समिति गठन गर्ने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| (क) स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) गाउँकार्यपालिका वा नगरकार्यपालिकाको प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित कार्यपालिकाको महिला सदस्य मध्ये १ जना | सदस्य |
| (घ) गुनासो सुनुवाइ अधिकारी १ जना | सदस्य सचिव |

**९. वडास्तरीय गुनासो सुनुवाइ सहजीकरण समिति :** वडास्तरीय गुनासो सुनुवाइ सहजीकरण समितिको काम गुनासो सुनुवाइ समितिको कार्यमा आवश्यक सहजीकरण गर्ने हुनेछ । वडा तहमा गुनासो सुनुवाइ कार्यलाई सहजीकरण गर्न तपसिल बमोजिमका समिति गठन गर्ने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडा अध्यक्ष | संयोजक |
| (ख) दलित वा महिला वडा सदस्य मध्ये १ जना | सदस्य |
| (ग) तथ्याङ्क संकलन गर्न सम्बन्धित वडामा खटिएको गणक १ जना | सदस्य |
| (घ) सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

**१०. गुनासो सुनुवाइ समितिको काम, कर्तव्य र अधिकार :**

गुनासो सुनुवाइ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्राप्त भएका उजुरी/गुनासो उपर छानविन गर्ने ।

(ख) छानविनको आधारमा गरिब परिवारको सूचिमा परिमार्जन गर्नु पर्ने देखिएमा सोको विवरण खोली स्थानीय कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ग) स्थानीय तहमा पेश भएका उजूरीका सम्बन्धमा छानबिन गर्ने क्रममा जानकारी दिई कुनै व्यक्तिको घर वा सम्पत्ति भएको स्थानमा उपस्थित भई सोधपुछ गर्न सक्ने ।

(घ) छानबिनको क्रममा कुनै व्यक्तिको व्यक्तिगत वा पारिवारिक विवरण सोध्न वा प्रमाण माग गर्न सक्ने ।

(ङ) कुनै व्यक्ति वा परिवारसँग सम्बन्धित विवरण वा प्रमाणको सत्यताको सम्बन्धमा अन्य कुनै आधिकारिक व्यक्ति वा तह वा संस्थाबाट प्रचलित ऐन नियमको परिधिभित्र रही आवश्यकतानुसार थप छानविन गर्न सक्ने।

**११. गुनासो सुनुवाइ प्रक्रियामा संलग्न व्यक्ति वा पदाधिकारीहरूको आचरण :** गुनासो सुनुवाइ प्रक्रियामा संलग्न जुनसुकै व्यक्ति वा पदाधिकारीले गुनासो सुनुवाइ प्रक्रियाको सम्पूर्ण अवधिभर निम्नानुसारको आचरण पालना गर्नुपर्नेछः

(क) गुनासो सम्बन्धी सम्पूर्ण विवरण, सूचना एवं तथ्यहरूलाई आधिकारिक निकाय बाहेक कसैलाई पनि प्रवाह गर्नु गराउनु हुदैन।

(ख) प्रचलित कानुनमा व्यवस्था भएकोमा बाहेक सामाजिक सद्भाव वा कुनै पनि व्यक्तिको व्यक्तिगत आचरण वा स्वतन्त्रतामा खलल पर्ने गरी वा संविधान प्रदत्त मौलिक हकहरूको हनन् हुने गरी कुनै अभिव्यक्ति दिन र त्यस्ता प्रकारका व्यवहार गर्नु हुदैन ।

(ग) गुनासो सुनुवाइमा संलग्न हुने पदाधिकारी वा कर्मचारीले कसैप्रति कुनै पनि प्रकारको भेदभाव गर्नु हुँदैन ।

**१२. परिमार्जन तथा संशोधन :**

यो मार्गदर्शनमा व्यवस्था भएका कुनै विषयमा परिमार्जन तथा संशोधन गर्न आवश्यक देखिएमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

**१३. सूचना सम्पर्क :**

गरिब परिवार पहिचान वा गुनासो सुनुवाइ सम्बन्धी जानकारी आवश्यक भएमा निम्नानुसार सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन नं. : ४२००२३९, ४२११७५४
इमेलः **poverty@molcpa.gov.np**
वेभसाइटः **www.molcpa.gov.np**

# अनुसूचि - १
# गरिब परिवार पहिचानका सूचकहरु

**(१) Proxy Means Test (PMT) विधिबाट गरिब परिवार पहिचान गर्दा आधार लिइएका सूचकहरु :**

(क) जनसांख्यिक तथा मानवीय अवस्था: परिवारको आकार, परिवारको शैक्षिक अवस्था, परिवारमा निजि स्कुलमा अध्ययनरत बालबालिका, परिवारको औसत आयु,

(ख) परिवारका सदस्यहरुको रोजगारीको अवस्था, आम्दानीको स्रोत, परिवारमा आश्रित व्यक्तिहरुको संख्या

(ग) बसोबास (घर) को भौतिक अवस्थाः घरको स्वामित्व, घरको छाना, घरको भित्ता, घरको जगको प्रकार, घरमा भएका कोठा संख्या

(घ) घरयासी सुविधाः पिउने पानीको उपलब्धता, शौचालयको सुविधा र प्रकार, खाना पकाउने इन्धन, बत्तीको स्रोत

(ङ) घरायसी सम्पत्तिः गाडी, इन्टरनेट जडान, केबल टेलिभिजन, टेलिफोन, रेफ्रिजरेटर, पशु चौपाया र चराचुरुङ्गीको संख्या आदि,

(च) भौगोलिक क्षेत्र तथा क्षेत्रगत गरिबीको अवस्था भौगोलिक क्षेत्रगत अवस्था (हिमाल, पहाड, तराई)

(छ) जातजातिगत गरिबीको अवस्थाः सीमान्तकृत जातजातिगत समूह,

(ज) जग्गा जमिनको अवस्था र त्यसको अनुमानित मूल्य,

(झ) परिवारको आम्दानीः माथि उल्लेखित चरहरुलाई आधार मानेर परिवारको समग्र अनुमानित आम्दानीको प्रक्षेपण गर्ने ।

**(२) स्वतः गरिब परिवारको रुपमा सूचिकरण गर्न (Automatic Inclusion) आधार लिइएका सूचकहरु :**

(क) नेपालभरी कहिँ कतै घर नभएको

(ख) घर भएको भएतापनि प्लाष्टिक, झिंक्रो वा बाँसले बारेको र कच्ची छानो भएको

(ग) आम्दानीको कुनै पनि स्रोत नभएको

(घ) मागेर गुजारा चलाउने परिवार

(ङ) घरेलु कामदारको रुपमा रहेको परिवार

(च) परिवारका सबै सदस्य १८ वर्ष मुनिका भएको परिवार

(छ) परिवारका सबै सदस्य अपाङ्ग भएका वा गम्भीर रुपमा विरामी भएका वा सबैको उमेर ६५ वर्ष माथि रहेको परिवार ।

# अनुसूचि - २

## गुनासो दर्ता फाराम

(गरिब परिवारको प्रारम्भिक सूचिमा विवरण समावेश नभएको र फरक परेको अवस्थामा पारिवारिक विवरण समावेश गर्न/सच्याउनको लागि दिइने निवेदनको ढाँचा)

### निवेदन

श्री ............................................

.................................... गाउँपालिका/नगरपालिकाको कार्यालय

.................................... जिल्ला ।

विषय :-<u>गरिब परिवारको प्रारम्भिक सूचिमा विवरण समावेश नभएको/फरक परेको सम्बन्धमा</u>।

........................ जिल्ला .......................... गाउँपालिका/नगरपालिका....... नं. वडा ..................... गाउँ/बस्ती बस्ने ................................... को नाति/नातिनी .................................. को छोरा/छोरी वर्ष ..... को ................................... परिवारमूली रहेको परिवारको पारिवारिक विवरण भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्रकाशित प्रारम्भिक सूचिमा छुट भएको/फरक पर्न गएकोले तपसिलमा उल्लिखित विवरणअनुसार उक्त परिवारको विवरण समावेश गरी/सच्याई पाऊँ ।

गुनासोसँग सम्बन्धित परिवारः ☐आफ्नै ☐अरुको

**गुनासोको कारण :**

प्रारम्भिक सूचिमा परिवार समावेश हुनुपर्नेमा समावेश नभएको । समावेश हुनुपर्ने कारण (बहुउत्तर सम्भव)

(क) परिवार बसोबास गरेको घरको अवस्था राम्रो नहुनु ।

(ख) घरमा खानेपानी, चर्पी आदिको सुविधा नहुनु ।

(ग) घरमा बत्तीको स्रोत तथा खाना पकाउने इन्धनको अभाव हुनु ।

(घ) परिवारमूली लगायत अन्य सदस्यहरू अशिक्षित हुनु ।

(ङ) परिवारमूली लगायत अन्य सदस्यहरू बेरोजगार हुनु ।

(च) पर्याप्त कृषियोग्य जग्गा नहुनु वा कृषि उत्पादन परिवारको उपभोगको लागि अपर्याप्त हुनु ।

(छ) सुविधाहरू जस्तैः यातायात, स्वास्थ्य, शिक्षा आदिमा पहुँच नहुनु वा पहुँच कठिन हुनु ।

(ज) अन्य (खुलाउने) ..................................................................

**संलग्न प्रमाणहरू**

क) ..................................................................................................................................

ख) ..................................................................................................................................

ग) ..................................................................................................................................

**प्रमाणीकरण**

मैले उपर्युक्त बमोजिमको विवरण आफ्नो पूर्ण जानकारीमा उपलब्ध गराएको हुँ । आफ्नो वा अरूको झुटो विवरण जानीजानी वा अन्य कुनै कारण नियतवश गरिब परिवार पहिचान कार्यक्रमको उद्देश्य र प्रकाशित नतिजालाई प्रभावित पार्ने गरी उपलब्ध गराएको छैन । त्यसरी गराएको प्रमाणित भएमा प्रचलित ऐन, कानुन बमोजिम गरिने जुनसुकै प्रकारको कानुनी कारवाही गरिए मेरो मञ्जुरी छ भनी सहीछाप गर्नेको

| दायाँ | बायाँ |
| --- | --- |
| | |

परिवार संकेत नं.: ............................................ औंठा छाप

नाम, थरः.................................................. ठेगानाः ............................................... ल्याण्डलाइन टेलिफोन नम्बरः ............................. मोबाइल टेलिफोन नम्बरः ......................... हस्ताक्षरः .........
मितिः .......................................

# अनुसूचि - ३

## गुनासो दर्ता फाराम

(गरिब परिवारको प्रारम्भिक सूचिमा विवरण समावेश भएको र फरक परेको अवस्थामा पारिवारिक विवरण समावेश गर्न/सच्याउनको लागि दिइने निवेदनको ढाँचा)

## निवेदन

श्री .............................................
.................................... गाउँपालिका/नगरपालिकाको कार्यालय
.................................... जिल्ला ।

विषय :-गरिब परिवारको प्रारम्भिक सूचिमा विवरण समावेश नभएको/फरक परेको सम्बन्धमा।

........................ जिल्ला .......................... गाउँपालिका/नगरपालिका....... नं. वडा ..................... गाउँ/बस्ती बस्ने .................................. को नाति/नातिनी .................................. को छोरा/छोरी वर्ष ..... को .................................. परिवारमूली रहेको परिवारको पारिवारिक विवरण भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्रकाशित प्रारम्भिक सूचिमा छुट भएको/फरक पर्न गएकोले तपसिलमा उल्लिखित विवरणअनुसार उक्त परिवारको विवरण समावेश गरी/सच्याई पाऊँ ।

गुनासोसँग सम्बन्धित परिवारः ☐आफ्नै ☐अरुको

**गुनासोको कारण :**

प्रारम्भिक सूचिमा परिवार समावेश नहुनु पर्नेमा समावेश भएको । समावेश नहुनुपर्ने कारण (बहुउत्तर सम्भव)

(क) परिवार बसोबास गरेको घरको अवस्था राम्रो हुनु (जस्तैः पक्की सिमेन्टको ढलान, जग वा गारो भएको घर) ।

(ख) घरमा खानेपानी, चर्पी आदिको राम्रो सुविधा हुनु ।

(ग) घरमा भरपर्दो बत्तीको स्रोत (बिजुली आदि) तथा सुधारिएको खाना पकाउने इन्धन (सिलिण्डर ग्यास आदि) हुनु ।

(घ) परिवारमूली लगायत अन्य सदस्यहरू सुशिक्षित हुनु ।

(ङ) परिवारमूली लगायत अन्य सदस्यहरूको राम्रो रोजगारी (स्थायी सरकारी जागिर आदि) हुनु । (च) पर्याप्त कृषियोग्य जग्गा हुनु वा कृषि उत्पादन परिवारको उपभोगको लागि पर्याप्त हुनु ।

(छ) सुविधाहरू जस्तैः यातायात, स्वास्थ्य, शिक्षा आदिमा राम्रो पहुँच हुनु (यी सुविधाहरू घर नजिकको दूरीमा हुनु) ।

(ज) अन्य जस्तैः गाडी, ल्याण्डलाइन फोन, एयरकण्डिसन जडान आदि हुनु (खुलाउने) ......................................

**संलग्न प्रमाणहरू**

क) ........................................................................................................................

ख) ........................................................................................................................

ग) ........................................................................................................................

**प्रमाणीकरण**

मैले उपर्युक्त बमोजिमको विवरण आफ्नो पूर्ण जानकारीमा उपलब्ध गराएको हुँ । आफ्नो वा अरूको झुटो विवरण जानीजानी वा अन्य कुनै कारण, नियतवश गरिब परिवार पहिचान कार्यक्रमको उद्देश्य र प्रकाशित नतिजालाई प्रभावित पार्ने गरी उपलब्ध गराएको छैन । त्यसरी गराएको प्रमाणित भएमा प्रचलित ऐन, कानुन बमोजिम गरिने जुनसकै प्रकारको कानुनी कारवाही गरिए मेरो मञ्जुरी छ भनी सहीछाप गर्नेको

| दायाँ | बायाँ |
|---|---|
| | |

परिवार संकेत नं.: ...........................................

औँठा छाप

नाम, थरः................................................ ठेगानाः ............................................... ल्याण्डलाइन टेलिफोन नम्बरः ............................ मोबाइल टेलिफोन नम्बरः ......................... हस्ताक्षरः ......... मितिः .......................................

# अनुसूचि - ४

## स्वघोषणा

म/मेरो परिवार ................................ को नाम गरिब परिवारको सूचिमा परेकोमा म उक्त सूचिमा रहन इच्छुक नभएको हुँदा उक्त सूचिबाट म/मेरो परिवारको नाम हटाई दिनु हुन स्वघोषणा गर्दछु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

परिवार संकेत नं.ः ........................................... औँठा छाप

नाम, थरः................................................ ठेगानाः .............................................. ल्याण्डलाइन टेलिफोन नम्बरः ............................. मोबाइल टेलिफोन नम्बरः ......................... हस्ताक्षरः ......... मितिः .......................................

## अनुसूचि - ५

## गुनासो दर्ता रजिष्टर

(गुनासो दर्ता रजिस्टरको ढाँचा)
नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालय
सिंहदरबार, काठमाडौं
गरिब परिवारको प्रारम्भिक सूचि सम्बन्धमा गरिने गुनासोहरूको दर्ता किताब

पाना संख्या .......... को ................

.......................जिल्ला .............................गाउँपालिका/न.पा ........ नं. वडा

| क्र.सं. (दर्ता नं.) | गुनासो गर्नेको नाम, थर | ठेगाना | टेलिफोन/मोबाइल नम्बर | गुनासोसँग सम्बन्धित परिवार १. आफ्नै २. अरूको परिवारमूलीको नाम, थर) | गुनासोको विवरण | गुनासो दर्ता गर्नेको नाम, थर र ठेगाना | गुनासो दर्ता गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# अनुसूचि - ६

## गैर गरिबमा सूचिकृत भएका परिवारलाई गरिब परिवारका रुपमा सूचिकरणका लागि प्रश्नावली

प्रकाशित सूचिमा गरिब परिवारको रुपमा पहिचान नभएको परिवारलाई गरिब परिवारको रुपमा पहिचान गर्न आवश्यक छ भन्ने कुरा छानविनबाट देखिन आएमा यो प्रश्नावली भरी सिफारिस साथ मन्त्रालयमा पठाउनु पर्नेछ ।

### गरिब परिवारको रुपमा सूचिकरण गर्न सिफारिस गरिएको परिवारको विवरण

**१. परिवार संकेत नं.:** *(१३ अंकको संकेत नं. लेख्ने)*

**२. परिवारमूलीको नाम :**

**३. परिवारमूलीको बाबुको नाम :**

**४. फोन/मोबाइल नं. :**

**५. सूचकहरुः** गरिब परिवारको रुपमा छनौट गर्नका लागि यस परिवारमा तलका सूचकहरुमध्ये कुन कुन सूचकहरु मिल्दछन्, सबैमा चिन्ह लगाउनुपर्दछ ।

(क) नेपालभरी कहिँ कतै घर नभएको ☐
(ख) घर भएको भएतापनि प्लाष्टिक, झिंक्रो वा बाँसले बारेको र कच्ची छानो भएको ☐
(ग) आम्दानीको कुनै पनि स्रोत नभएको ☐
(घ) मागेर गुजारा चलाउने परिवार ☐
(ङ) कुनै धनाढ्य परिवारमा काममा सघाउने गरी घरेलु कामदारको रुपमा रहेको परिवार ☐
(च) परिवारका सबै सदस्य १८ वर्ष मुनिका भएको परिवार ☐
(छ) परिवारका सबै सदस्य अपाङ्ग भएका वा गम्भीर रुपमा विरामी भएका परिवार ☐
(ज) सबैको उमेर ६५ वर्ष माथि रहेको परिवार ☐
(झ) परिवारको आम्दानीले परिवारलाई कम्तिमा वर्षमा आठ महिनासम्म पनि खान लगाउन नपुग्ने ☐
(ञ) परिवारको कुनै पनि सदस्य स्वदेश वा विदेशमा कतै पनि कुनै रोजगारीमा नरहेको ☐
(ट) नेपालभरी कहीं कतै जग्गा जमिन नरहेको परिवार ☐
(ठ) नेपालभरी कहीं कतै कुनै व्यवसाय नभएको परिवार ☐
(ड) परिवारको कुनै सदस्यको नाममा स्वदेश वा विदेशमा कुनै पनि बैंकमा रकम नभएको

प्रमाणित गर्ने :

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| गुनासो सुनुवाइ अधिकारी | गुनासो सुनुवाइ समितिको संयोजक | गाउँ/नगरपालिका प्रमुख/अध्यक्ष |